# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

बिराटनगर, नेपाल

☎: ०२१-४६५२४०

इमेल : puoemgt@puexam.edu.np

बेबसाइट : www.puexam.edu.np


प.सं. :

च.नं. :

वि.सं.: २०८०/१२/१४
AD: 2024/03/27

**श्री क्याम्पस प्रमुखज्यू,**

कला तथा शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तह (Bachelor's Level) का शैक्षिक कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेजहरु

***विषयः नाम–दर्ता (Registration) बारे ।***

**उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष वि.सं. २०८०/०८१ समूह** (AD: 2023 Batch) **मा कला (वार्षिक तथा सेमेस्टर), शिक्षाशास्त्र (वार्षिक) अन्तर्गत सञ्चालित स्नातक तह** (Bachelor's Level) **का विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता** (Registration) **गर्न गराउन** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **मा निर्दिष्ट प्रक्रिया अनुसार विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या** (Quota) **भित्र रही यस कार्यालयद्वारा तोकिएको** Online Website **मार्फत विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरू मार्फत् तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त** निर्देशिका***मा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचर सहित मिति २०८१/१/१३** (AD: 2024/04/25) **गते भित्र सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।**

**पुनश्च: तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर शुल्क सहित मिति २०८१/१/२०** (AD: 2024/05/02) **गते भित्र उपरोक्तानुसार** (Online Entry **समेत गरी) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको शुल्कको बैंक भौचर सहित उक्त रजिस्ट्रेशन फर्म(हरू) सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।**

**नोटः रजिस्ट्रेशन फर्महरू विराटनगर स्थित पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत् उपलब्ध गराइनेछ । अथवा, यस परीक्षा व्यवस्थापन कार्यालयको** website (www.puexam.edu.np) **मार्फत्** download **गरी प्रयोग गर्न सकिनेछ ।**

**साथै, माथि उल्लेखित** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **यस परीक्षा व्यवस्थापन कार्यालयको** website (www.puexam.edu.np) **मार्फत् उपलब्ध गर्न सकिनेछ ।**

**नाम-दर्ता** (Registration) **सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१– ४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।**

..................................

**बालेन्दु हमाल**
**(परीक्षा नियन्त्रक)**